# आकाशवाणी समाचार- नेपाली

मितिः २५ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि बिहार, मध्य प्रदेश र गुजरातको पाँच दिने भ्रमणमा रहनु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारको प्रयासले पूर्वोत्तर राज्यहरूले विकासको नयाँ उचाई हासिल गर्ने बताउनु भएको छ ।

३. विदेशमन्त्री एस जयशंकरले मानव अधिकारको वैश्विक प्रचार-प्रसार र संरक्षणमा भारतले सधैँ सक्रिय भूमिका निर्वाह गर्दै आएको बताउनु भएको छ ।

४. उत्तर प्रदेशको प्रयागराजमा चलिरहेको ऐतिहासिक महाकुम्भको भोली महाशिवरात्रिको पावन अवसरमा औपचारिक समापन हुने छ ।

५. आइसीसी च्याम्पियन्स ट्रफी क्रिकेटमा न्युजिल्याण्डले हिजो रावलपिंडीमा बंगलादेशलाई पाँच विकेटले पराजित गरेको छ।

**राष्ट्रपतिद्वारा तीन राज्यको भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि तीन राज्यको पाँच दिने भ्रमणमा जाँदै हुनुहुन्छ। १ मार्च सम्म चल्ने यस भम्रण अवधी राष्ट्रपति बिहार, मध्य प्रदेश र गुजरातको भ्रमणमा रहनु हुनेछिन्। आज पहिलो दिन, राष्ट्रपतिले बिहारको पटनामा रहेको पटना मेडिकल कलेजको शताब्दी समारोहमा भाग लिन हुनेछ ।दोस्रो दिन, भोलि राष्ट्रपति मध्य प्रदेशको छत्तरपुरको गढामा बागेश्वर जन सेवा समितिद्वारा आयोजित सामूहिक विवाह समारोहमा भाग लिनुहुनेछ भने भोलि नै उहाँले गुजरातको केवडियामा रहेको स्ट्याच्यू अफ युनिटीमा श्रद्धाञ्जली अर्पण गर्ने र केवडियामा नर्मदा आरतीमा भाग लिन हुनेछिन्। फरवरी २७ मा, राष्ट्रपतिले केवडियामा रहेको एकता सीप विकास केन्द्रको भ्रमण गर्नुहुनेछ र अहमदाबादमा रहेको राष्ट्रिय डिजाइन संस्थानको ४४ औं दीक्षान्त समारोहमा भाग लिनुहुनेछ । मार्च १ मा राष्ट्रपतिले युनेस्को विश्व सम्पदा स्थल धोलावीराको भ्रमण गर्ने कार्यक्रम रहेको छ।

****** ० ******

**प्रधानमंत्री-असम यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारको प्रयासले पूर्वोत्तर राज्यहरूले विकासको नयाँ उचाई हासिल गर्ने बताउनु भएको छ । असमको गुवाहटीमा आयोजित झुमोर बिनंदिनी कार्यक्रमलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, "एक समय थियो जब आसाम र पूर्वोत्तरको विकासलाई उपेक्षा गरिएको थियो र यस क्षेत्रको संस्कृतिलाई उपेक्षा

गरिएको थियो।

बाइट

प्रधानमन्त्री मोदीले चिया उद्योग र यसका श्रमिकहरूको विकासले आसामको समग्र विकासलाई गति प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो भने असम सरकारले चिया बगानका श्रमिकहरूको राम्रो स्वास्थ्यको लागि ३५० भन्दा अधिक आयुष्मान मन्दिरहरू खोलेको बताउनु भयो।

बाइट

यसैगरी आसामका मुख्यमन्त्री हिमन्त बिस्वा सरमाले प्रधानमन्त्री नरेन्द्र मोदी तेस्रो पटक प्रधानमन्त्रीका रुपमा सपथ लिएपछि पहिलो पटक आसाम आएकाले आज राज्यका लागि ठूलो सौभाग्यको समय भएको बताउनु भयो । कार्यक्रम अवधी श्री मोदीले भव्य झुमैर नृत्य प्रदर्शनको पनि अवलोकन गर्नुभयो। यसमा लगभग आठ हजार नर्तकहरू र ढोल वादकहरू समावेश थिए। आसाम सरकारले इन्दिरा गान्धी एथलेटिक स्टेडियममा उक्त कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रम आसामको चिया उद्योगको २०० वर्ष पुगेको अवसरमा आयोजना गरिएको थियो। यसअघि प्रधानमन्त्री मोदीलाई गुवाहाटी विमानस्थलमा औपचारिक स्वागत गरिएको थियो । श्री मोदी राज्यको दुई दिवसीय भ्रमणमा हुनुहुन्छ।

****** ० ******

**एडवांटेज असम**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान गुवाहाटीमा एडभान्टेज आसाम लगानी र पूर्वाधार शिखर सम्मेलन दोस्रो संस्करणको पूर्ण सत्रको उद्घाटन गर्नुहुनेछ । दुई दिनसम्म चल्ने सम्मेलनमा उद्घाटन सत्र, सातवटा मन्त्रीस्तरीय सत्र र १४ वटा विषयगत सत्र हुनेछन् । यसले औद्योगिक विकास, विश्वव्यापी व्यापार साझेदारी र आसामको जीवंत सूक्ष्म, साना र मझौला उद्यम-एमएसएमई क्षेत्रमा ध्यान केन्द्रित गर्दछ। यसमा २४० भन्दा बढी प्रदर्शकहरू समावेश हुनेछन्।

****** ० ******

**विदेश मंत्री -यूएनएचआरसी**

विदेशमन्त्री एस जयशंकरले मानव अधिकारको वैश्विक प्रचार-प्रसार र संरक्षणमा भारतले सधैँ सक्रिय भूमिका निर्वाह गर्दै आएको बताउनु भएको छ । जेनेभामा संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ५८ औँ सत्रलाई भर्चुअल सम्बोधन गर्दै डा जयशंकरले भारतको दृष्टिकोण आफ्ना सरोकारवालाहरूको प्राथमिकताअनुसार क्षमता निर्माण र मानव संसाधन र पूर्वाधारको सुदृढीकरणमा केन्द्रित रहेको बताउनु भयो। यसका साथै आतंकवादविरुद्ध लड्न भारत दृढ र अडिग रहेको बताउदै 'भारतले आतंकवादप्रति सधैं शून्य सहनशीलता कायम राख्ने र यसलाई सामान्य बनाउने कुनै पनि प्रयासको कडा विरोध गर्ने उल्लेख गर्नु भयो ।

****** ० ******

**शाह-वतन को जानो**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिजो नयाँ दिल्लीमा युवा आदानप्रदान कार्यक्रम, “वतनको जानो” अन्तर्गत जम्मू र कश्मीरका युवा र बालबालिकाहरूसँग अन्तरक्रिया गर्नुभयो। कार्यक्रममा नयाँ दिल्ली आएका २५० बालबालिकाको सहभागिता रहेको थियो । बालबालिकासँग कुराकानी गर्दै श्री शाहले केन्द्रको नरेन्द्र मोदी सरकारको शासनकालमा विगत १० वर्षमा जम्मु–कश्मीरमा ठूलो परिवर्तन भएको बताउनुभयो । यसका साथै श्री शाहले जम्मु–कश्मीरमा भारतीय प्रबंध संस्थान अनि अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्स जस्ता नयाँ विश्वविद्यालय खोलिएको बताउदै यसले यस क्षेत्रमा अभूतपूर्व परिवर्तन गर्ने उल्लेख गर्नुभयो।

बाइट

श्री शाहले भन्नुभयो , 'जम्मू–कश्मीरबाट धारा ३७० हटाएर मोदी सरकारले सिंगो देशलाई एकताबद्ध बनाएको छ र

अब काश्मिरका जनतालाई पनि देशमाथि अरुको जत्तिकै अधिकार छ। 'वतनको जानो' कार्यक्रमको मुख्य उद्देश्य जम्मू–कश्मीरका युवाहरूलाई देशको सामाजिक–सांस्कृतिक विविधतासँग परिचित गराउनु र उनीहरूबीच भावनात्मक सम्बन्ध निर्माण गर्नु हो।

****** ० ******

**महाकुंभ-महाशिवरात्रि**

उत्तर प्रदेशको प्रयागराजमा चलिरहेको ऐतिहासिक महाकुम्भको भोली महाशिवरात्रिको पावन अवसरमा औपचारिक समापन हुने भएको छ। प्रशासनले यसलाई दिव्य र भव्य बनाउन व्यापक तयारी गरेको छ। भक्तजनको सुरक्षा र सुविधाका लागि विभिन्न पहल गरिएको छ।

****** ० ******

**शिवराज-सरस**

केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले आज उत्तर प्रदेशको नोयडामा सरस आजिविका मेलाको औपचारिक उद्घाटन गर्नुहुनेछ। मेलाको उद्देश्य कारीगर र शिल्पकारहरूलाई उनीहरूको जीविकोपार्जन र समावेशी विकासलाई बढावा दिन मद्दत गर्नु हो। ग्रामीण विकास मन्त्रालयले राष्ट्रिय ग्रामीण विकास संस्थान र पंचायती राजको सहकार्यमा आयोजना गर्न लागेको प्रसिद्ध सरस आजीविका मेला २०२५ को यो पाँचौं संस्करण हो। यस वर्षको मेलाको मूल नारा 'परम्परा, कला र संस्कृति' रहेको छ, जसमा स्वयं सहायता समूहका लखपति दीदीहरूको निर्यात क्षमताको विकासमा विशेष ध्यान दिइएको छ। कार्यक्रममा ग्रामीण विकास राज्यमन्त्री डा चन्द्रशेखर पेम्मासानी र कमलेश पासवान पनि उपस्थित हुनेछन्।

****** ० ******

**रिज़र्व बैंक- न्यू इंडिया को-ऑपरेटिव बैंक लिमिटेड**

न्यू इन्डिया को-अपरेटिभ बैंकमाथि प्रतिबन्ध लगाएको केही दिनपछि भारतीय रिजर्भ बैंकले २७ फेब्रुअरी २०२५ देखि प्रति जमाकर्ता २५,००० रुपैयाँसम्म जमा धन झिक्न अनुमति दिएको छ। यो छुटसँगै कुल जमाकर्ताहरुको ५० प्रतिशतभन्दा अधिकले आफ्नो सम्पूर्ण रहल राशी झिक्न सक्नेछन् भने बाँकी जमाकर्ताले आफ्नो खाताबाट २५ हजार रुपैयाँसम्म झिक्न सक्नेछन्। ग्राहकले बैंकको शाखा र एटिएमप्रयोग गरी पनि रकम झिक्न सक्नेछन्।भारतीय रिजर्भ बैंकले १३ फेब्रुअरीमा न्यू इन्डिया को-अपरेटिभ बैंक लिमिटेड, मुम्बईमाथि प्रतिबन्ध लगाएको थियो भने जमाकर्ताको बचत वा चालू खाता वा अन्य कुनै खाताबाट कुनै पनि रकम झिक्न अनुमति नदिन निर्देशन दिएको थियो।

****** ० ******

**च्याम्पियन्स ट्रफी-क्रिकेट**

आइसीसी च्याम्पियन्स ट्रफी क्रिकेटमा न्युजिल्याण्डले हिजो रावलपिंडीमा बंगलादेशलाई पाँच विकेटले पराजित गरेको छ। यो जितसँगै न्युजिल्याण्डले भारतसँगै समूह ए बाट सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ। यो सँगै बंगलादेश र डिफेन्डिङ च्याम्पियन पाकिस्तान दुवै खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएका छन्।समूह ए मा न्युजिल्याण्ड र भारतले दुई जितबाट चार-चार अंक प्राप्त गरेका छन्। यसअघि ब्याटिङ गर्दै बंगलादेशले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २३६ रन बनाएको थियो। ब्रेसवेल खेलको उत्कृष्ट खेलाडी घोषित भए। प्रतियोगितामा आज रावलपिंडीमा समूह बी को खेलमा दक्षिण अफ्रिकाले अष्ट्रेलियाको सामना गर्नेछ। खेल भारतीय समय अनुसार दिउँसो २:३० बजे सुरु हुनेछ।

****** ० ******